# मध्यविन्दु नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,

## चोरमारा,नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय चोरमारा, नवलपरासी ४ नं. प्रदेश, नेपाल २०७३

हयुमपाईप खरिद सम्वन्धी

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७४।१२।१५**

यस कार्यालयबाट चालु आ.व. ०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्य गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त हयूमपाईप उत्पादक व्यवसायीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलबन्दी दरभाउपत्र फाराम मध्यविन्दु नगरपालिका,चोरमाराबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र मध्यविन्दु नगरपालिका,चोरमारा नवलपरासी को कार्यलयबाट खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउपत्र खरीद गर्दा आ.व.०७३/७४ सम्म नवीकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७३/७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा आय विवरण पेश गरेको निस्साको प्रमाण पेश गर्नु पर्नेछ ।
३. यसरी खरीद गरिएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा, मध्यविन्दु नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४. सिलबन्दी दरभाउपत्रदातालाई सिलबन्दी दरभाउपत्र दर (रेट) भर्नु अघि सम्बन्धित निर्माणस्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ । उल्लेखित दररेट निर्माणस्थलको यथार्थ वस्तुस्थिति बुझि भरेको मानिने छ ।
५. सिलबन्दी दरभाउपत्रको प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
६. सिलबन्दी दरभाउपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम मध्यविन्दु नगरपालिका,,चोरमारा नवलपरासीको रा.वा.बैंक कावासोती शाखामा रहेको धरौटी खाता ३२००३०३००७१०३ ग-३, धरौटी खातामा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन म्याद भएको वाणिज्य वैंकवाट जारी भएको जमानीपत्र(विडवण्ड) संलग्न हुनुपर्नेछ ।
७. सिलबन्दी बोलपत्र दरभाउपत्र पेश गर्दा खाम वाहिर सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रमसंख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
८. सिलबन्दी दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
९. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१०. नेपाल सरकारको हितलाई ध्यानमा राखी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।
१२. सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय (फोन नं. ०७८-४१०१२७, ४१०१२८ ) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिल

| क्र.सं. | ठेक्का क्र.सं. | कामको विवरण | लागत अनुमान रु.(भ्याट बाहेक) | जमानत रकम (रु.) | दरभाउपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | 3/SQ/MBM/NAW/074-75 | **NP3** हयुमपाईप खरिद | १६६१०७१।७५ | ५६०००।०० | १०००।०० |
| | | | | | |

शाखा अधिकृत

घनश्याम गाहा

शाखा अधिकृत